कृषि, स्वास्थ्य, शिक्षा, पर्यटन र पूर्वाधार : गन्यापधुरा समृद्धिका मूल आधार

# गन्यापधुरा गाउँपालिका

## गणेशपुर, डडेल्धुरा

### आ. व. २०७९।०८० को

# वार्षिक नीति तथा कार्यक्रम

२०७९ साल असार ०८ गते

www.ganyapadhuramun.gov.np

गन्यापधुरा गाउँपालिकाको गाउँ सभामा २०७८ साल असार ०८ गते बुधबार

गन्यापधुरा गाउँपालिकाका उपाध्यक्ष श्री ज्ञानु कुमारी सेटीले

प्रस्तुत गर्नुभएको

# आ. व. २०७९/०८० को

# वार्षिक नीति तथा कार्यक्रम

**गन्यापधुरा गाउँपालिका, डडेल्धुरा**

**असार ०८, २०७९**

**आदरणीय सभाध्यक्ष महोदय,**

**गाउँसभाका सदस्यज्युहरु, उपस्थित सम्पूर्ण अतिथिहरु, कार्यालयका सम्पूर्ण कर्मचारीहरु,**

नेपालको संविधान बमोजिम स्थानीय सरकारको रुपमा गठन भएको यस गन्यापधुरा गाउँपालिकाको आ. व. २०७९।०८०का लागि छैठौ वार्षिक नीति तथा कार्यक्रम गरिमामय वर्षे अधिवेशनको गाउँसभामा पेश गर्ने सुवर्ण अवशर पाउँदा मलाई निकै खुसी लागेको छ। आज हामी दोस्रो स्थानीय तहको निर्वाचनबाट निर्वाचित भएर यो स्थानमा पुगेका छौ। हामी स्थानीय सरकारको अभ्यास गरिरहँदा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको लागि आफ्नो ज्यानको आहुति दिनुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति श्रद्धा सुमन व्यक्त गर्न चाहन्छु। सीमित साधनबाट पनि असीमित आकांक्षाको परिपूर्ति गर्नुपर्ने यस गाउँपालिकाको जुन बाध्यता रहेको छ यो हाम्रो लागि अवसर तथा चुनौती दुवै हो। विगतका पाँच वर्षमा निर्वाचित पदाधिकारीहरुले सीमित स्रोतका बावजुत पनि थुप्रै विकासका कार्यहरु गरेर जानुभएको छ यस कार्यका लागि उहाँहरुलाई धन्यवाद दिन चाहन्छु। अब आउने दिनमा हामी जनप्रतिनिधिले विकासलाई अझ तीव्र गतिमा अगाडि बढाउन आवश्यक छ। हामीले सीमित स्रोत साधनको सुझबुझका साथ कुशल उपयोग गर्न मितव्ययीता, प्रभावकारीता र औचित्यताको आधारमा आत्मालाई साक्षी राखेर जनताको सर्वोत्तम हित र भलाईको लागि प्रयोग गर्न सक्यौं भने उपलब्धि हामीबाट धेरै टाढा छैन। गाउँपालिकावासी नागरिकहरुले असीम आशा र आकांक्षाका साथ निर्वाचित गरेका यस गाउँपालिकाका निर्वाचित जनप्रतिनिधिले अहोरात्र खटिई जनताको पक्षमा काम गर्नु पर्ने बाध्यता रहेको छ। गाउँपालिकावासी जनताले गरेको आशा भरोशामा कमी आउन नदिई विगतमा भएका सकारात्मक प्रयासलाई निरन्तरता दिनु पर्ने तथा थप उर्जा र ईमान्दारिताका साथ काम गर्नु पर्ने हाम्रो आजको जिम्मेवारी हुन आएको छ।

**आदरणीय सभाअध्यक्ष महोदय,**

**अव म यस गन्यापधुरा गाउँपालिकाले आ. व. २०७८/०७९ मा घोषणा गरेका वार्षिक नीति तथा कार्यक्रमको उपलब्धिहरुको बारेमा संक्षेपमा उल्लेख गर्न चाहन्छु।**

१. स्थानीय तहको दोस्रो निर्वाचन सम्पन्न भई नयाँ जनप्रतिनिधि आईसकेको अवस्थामा विगत पाँच वर्षमा यहाँ थुप्रै नीति तथा कानुन भइ चलेको अवस्थामा अझ त्यसलाई प्रभावकारी बनाउन आवश्यक छ। आजको अवस्थामा आईपुग्दा गाउँसभा र गाउँकार्यपालिकाबाट ६३ वटा कानुन निर्माण भई कार्यान्वयनमा आउँदा गाउँपालिकाका कार्यहरुलाई सञ्चालन गर्नका लागि सहज हुनुका साथै विधिवत कानुनको शासन स्थापनाको मार्गमा गाउँपालिका अग्रसर रहेको छ। त्यसै गरी गाउँपालिकालाई अझ व्यवस्थित बनाउनका लागि गाउँपालिकाले **आवधिक विकास योजना** (२०७८।०७९-२०८२।०८३) तयार पारेको छ।

२. यस गाउँपालिकाले भौतिक तथा पूर्वाधार विकासमा उल्लेख्य प्रगति गरेको छ, जसअनुरुप प्रत्येक गाउँ बस्तीमा सडक, विद्युत तथा खानेपानी पुगेको अवस्था छ। त्यसै गरी यस गाउँपालिकालाई राष्ट्रिय राजमार्गसँग जोड्नका लागि प्रदेश सरकारसँगको सहकार्यमा **चम्साल-कलारीमाण्डौ-बडाल** सडकलाई कालोपत्रे गर्नका लागि पहल गरिएको छ। गन्यापधुरा गाउँपालिकाको सदरमुकामलाई राजमार्गसँग जोड्नका लागि **भात्काँडा- रुवाखोला-बडाल-रेल** सडक

खण्ड अन्तर्गत भात्काँडा देखि ८ कि. मि. कालोपत्रे गर्ने कार्यको सम्झौता भइ कार्य सुरु भएको छ। त्यसैगरी सोही सडक खण्ड अन्तर्गत पर्ने बडाल देखि रेल सम्मको सडक स्तरोन्नति कार्य भइरहेको छ।

३. गाउँपालिकाले कृषि विकासको क्षेत्रमा गरेको प्रयासलाई सराहनीय मान्न सकिन्छ। कृषकहरुले उत्पादन गरेका कृषि उपजलाई सुरक्षित राख्नका लागि वडा नं २ मा कृषि कोल्ड स्टोर निर्माण कार्य सुरु भएको छ। कृषि क्षेत्रमा आवद्ध कृषकहरुका लागि विभिन्न किसिमका तालिम तथा सचेतना र अन्तरक्रिया कार्यक्रम, निःशुल्क एवम् अनुदानमा उन्नत जातको आलुको विउ, तरकारी, च्याउ तथा फलफुलको विउ विरुवा वितरण, सहुलियत दरमा आधुनिक कृषि औजारको वितरण, पशु नश्ल सुधार कार्यक्रम, भकारो एवम् गोठ सुधार जस्ता कार्यक्रम संचालन भएकाले कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायीकरणतर्फ अगाडि बढेको छ। त्यस्तै कृषि क्षेत्रलाई अझ विस्तारित र प्रभावकारी बनाउनका लागि कृषि ज्ञान केन्द्र, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन इकाई, प्रदेश सरकार र संघीय सरकारसँगको सहकार्यमा आलु पकेट क्षेत्र विकास कार्यक्रम र कृषि ब्लक कार्यक्रम सञ्चालनमा आएका छन्। गड्डी भैंसीको संरक्षण कार्यलाई निरन्तरता दिइनेछ। साना तथा भैसी पकेट विकास कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिइनेछ। त्यसै गरी कृषि क्षेत्रमा लागेका व्यक्तिलाई तथा कृषिफर्महरुलाई सहुलियतमा अनुदान कार्यक्रम ल्याइएको थियो।

४. यस गाउँपालिकाद्वारा जनताको स्वास्थ्यसँग सम्बन्धित कुरालाई उच्च प्राथमिकताका साथ राखेको छ। कोभिड-१९ को नियन्त्रणका लागि ७ वटा अक्सिजन सिलिन्डर र २ वटा कन्सन्टेटर सहितको १० वेडको आइसोलेशन वार्ड मष्टामाण्डौ स्वास्थ्य चौकीमा निर्माण गरिएको छ। गाउँपालिकामा अस्पताल बनाउनका लागि १० शैय्याको अस्पतालको डिपिआर निर्माण सम्पन्न भइ उक्त अस्पताल निर्माणका लागि ६ रोपनी जग्गाको व्यवस्थापन पनि भई टेन्डर आह्वानको प्रक्रियामा रहेको छ । गाउँ गाउँमा स्वास्थ्य सुविधा पुऱ्याउनका लागि ११ वटा सामुदायिक स्वास्थ्य इकाई स्थापना गरिएको छ। त्यस्तै पर्याप्त मात्रामा औषधीको व्यवस्था हुनुका साथै आवश्यक ४ वटा स्वास्थ्य केन्द्रमा ल्यावको पनि स्थापना गरिएको छ। गाउँपालिकामा एउटा फार्मेसी पनि सञ्चालनमा आएको छ। यसै वर्ष आधारभुत स्वास्थ्य इकाई भात्काँडा र सकायलमा स्थापना भइ सञ्चालनमा आएको छ भने गौलीगाउँमा गाउँघर स्वास्थ्य इकाई निर्माणका लागि कार्य भइरहेको छ।

५. खानेपानीलाई सबै घरमा पुऱ्याउनका लागि ६९ वटा खानेपानी आयोजनाका लागि निर्माण तथा मर्मत कार्यका लागि संघीय सरकारको संघीय खानेपानी परियोजनाबाट सम्झौता भइ कार्य अगाडि बढाइएको छ। गाउँपालिकाभित्र रहेका १४४ वटा खानेपानी आयोजनालाई थप व्यवस्थित बनाउनका लागि गाउँपालिकामा N WASH कार्यक्रम लागू भएको छ।

६. भूमि सम्बन्धी समस्या समाधान आयोगसँगको सहकार्यमा यस गाउँपालिकामा पनि भुमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थित गर्नका लागि सुकुम्बासी पहिचान तथा व्यवस्थित पहिचानका लागि फाराम



...बहादुर कार्की

गन्यापधुरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गणेशपुर, डडेल्धुरा ...नेपाल

संकलन कार्य सम्पन्न गरी वडा नं ४ र ५ मा जग्गा नापजाँच कार्यसम्पन्न भएको छ। त्यसै गरी विपदबाट पूर्णरुपमा घरमा क्षति भएका ६७ जना परिवारहरुका लागि विपद् व्यवस्थापन तथा पुनःनिर्माण प्राधिकरणसँगको सहकार्यमा कार्य भइरहेको छ। त्यसै गरी बाढी पहिरो तथा भूक्षयबाट जोखिममा रहेका बस्तिहरुलाई स्थानान्तरण गर्नका लागि विपद् प्राधिकरणसँग थप पहल भइरहेको छ। उनीहरुका लागि एकीकृत बस्ति विकास कार्यक्रमका लागि पनि पहल भइरहेको छ। जनता आवास कार्यक्रमबाट यस वर्ष पनि छानो विस्तार कार्यक्रमलाई निरन्तरता दिइएको छ।

७. . गाउँपालिकाको प्रशासनिक भवनको निर्माणका लागि सम्झौता कार्य सम्पन्न भई निर्माण कार्य अगाडि बढाइएको छ। वडा कार्यालयबाट प्रवाह हुने सेवालाई थप प्रभावकारी बनाउनका लागि वडा नं २ को वडा कार्यालय भवनको निमार्ण अन्तिम चरणमा रहेको छ।

८. गाउँपालिकामा सुशासन सदाचारिता अभिवृद्धि गर्नका लागि गाउँपालिकाका पदाधिकारीहरुको आचारसंहिता पारित गरी जारी गरिएको, जनप्रतिनिधि र कर्मचारीको तर्फबाट ३१ बुँदे प्रतिबद्धता जाहेर गरी सार्वजनिक गरिएको, गाउँपालिकाका प्रवक्ता तोकिएको, त्यस्तै काममा सहज होस् भन्नका लागि सुचना अधिकारीको व्यवस्था, सुझाव पेटिकाको व्यवस्था, गुनासो दर्ता किताब, नागरिक वडापत्रको व्यवस्था, सार्वजनिक सुनुवाइ चौमासिक रुपमा हुने गरेको, गाउँपालिकाको आफ्नै वेभसाइट, मोबाइल एप र फेसबुक मार्फत काम कारवाही सार्वजनिक गर्ने प्रणालीको विकास भएको छ। बैंकिङ सुविधा प्रदान गर्नका लागि यस गाउँपालिकाको गणेशपुरमा नेपाल एस. वि. आइ. बैंकको स्थापना तथा अन्य वडाहरुमा शाखारहित बैंकको स्थापनाले गर्दा यहाँका जनतालाई दैनिक कारोबार गर्न सहज भएको छ। राजश्व चुहावटलाई कम गर्न तथा आन्तरिक आय वृद्धि गर्नका लागि राजश्व सम्बन्धि सफ्टवेयर खरिद कार्य अन्तिम चरणमा रहेको छ। त्यसै गरी आन्तरिक राजश्व वृद्धिका लागि गाउँपालिकाले **राजश्व सुधार योजना** तयार भएको छ।

९. गाउँपालिका र जनताको सम्बन्धमा सुधार आएको छ। जनताले गाउँमै सिंहदरवारको अनुभुति गर्न पाएका छन्। आफ्ना गुनासाहरु जनप्रतिनिधिसँग राख्न सक्ने भएका छन् र त्यस्ता गुनासा तथा समस्याको सुनुवाइ पनि तत्काल हुने गरेको छ। यस कार्यलाई अझै प्रभावकारी बनाउनका लागि **सबैका मनमा मेरो गाउँपालिका** भन्ने बोध हुन आवश्यक छ।

१०. गुणस्तरीय शिक्षाका लागि यस क्षेत्रमा रहेका असहाय तथा गरिव विपन्न परिवारका व्यक्तिहरुलाई उच्च शिक्षाबाट वञ्चित नहोउन भन्नका लागि गाउँपालकिलाले छात्रवृत्ति तथा प्रोत्साहन कार्यविधिको निर्माण गरी गरिव तथा जेहेन्दार गरी जम्मा १९ जना छात्रछात्राहरुलाई आ. व. २०७८।०७९ सम्ममा छात्रवृत्ति प्रदान गरिसकेको छ। त्यसै गरी दरबन्दी मिलान कार्य अनुरुप शिक्षक दरबन्दी मिलान गरिएको छ। सरस्वती मा. वि. भात्काँडाको ४ कोठे भवन निर्माण सम्पन्न भई हाल अर्को ४ कोठे भवन पनि निर्माणको अन्तिम चरणमा रहेको छ।

११. यस गाउँपालिकाको वडा नं. ३ गौलीगाउँमा बर्थिङ सेन्टर निर्माण कार्य अन्तिम चरणमा रहेको छ। राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत २ कोठे र ४ कोठे भवन निर्माणाधीन अवस्थामा रहेका छन्।

बहादुर कार्की

गन्यापधुरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गणेशपुर, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश,नेपाल

**सभाध्यक्ष महोदय,**

**अब म गन्यापधुरा गाउँपालिकाको आ. व. २०७९।०८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु,**

**क) पूर्वाधार विकास सम्बन्धी नीति**

१. गाउँपालिकाभित्र रहेका मुख्य सडकहरुलाई १२ महिनै निर्वाध रुपमा सञ्चालन हुने गरी स्तरोन्नती गरिनेछ। यस कार्य अन्तर्गत सकायल-कैलपालमाडौ सडक, रेल-सुन्न फल्टाडी- सेटीगाउँ बडाल-कोराल सडक, बडाल-कुलाउखोला-सकायल सडक, पारिखेत-कोरगाउँ-बडाल, देवल-कैलपालमाडौ सडकलाई स्तरोन्नति गर्दै लगिनेछ । स्थानीय तहको केन्द्र जोड्ने पक्की सडकका लागि प्रदेश सरकारसँगको सहकार्यमा **रडुवा कलारीमाडौ बडाल सडक** कालोपत्रे गर्नका लागि पहल गरिनेछ। गन्यापधुरा गाउँपालिकाभित्र सञ्चालन हुने सार्वजनिक सवारी साधनको भाडादरमा एकरुपता कायम गरिनेछ। त्यसैगरी पालिका भित्रका मुख्य चोकहरुमा भाडादर उल्लेख भएको होर्डिङ बोर्ड राखिनेछ।

२. इच्छुक युवा तथा हाल कार्यरत सिकर्मी, डकर्मीहरूको लागि पेसागत क्षमता अभिवृद्धि तालिम सञ्चालन गरी अभिलेख सूचीकृत र व्यवस्थापन गरिनेछ । आगामी दिनमा गाउँपालिकाभित्रका सम्पूर्ण पूर्वाधार निर्माण लगायतका काममा सूचीकृत र तालिम प्राप्त दक्ष कामदारको सहभागिता अनिवार्य गरिनेछ। यस कार्यका लागि रोजगार सेवा केन्द्र मार्फत रोजगारी प्रदान गरिनेछ।

३. नयाँ घर निर्माणको हकमा National Building Code (NBC) का मापदण्डहरु लागु गरिनेछ।

४. विपद् जोखिम न्यूनीकरणका लागि प्रत्येक बस्तीमा सुरक्षित खुला स्थानका लागि आवश्यक पर्ने खुला आश्रय स्थल पहिचान गरिनेछ। साथै कोरोना जस्ता महामारीबाट पर्न सक्ने विपदको व्यवस्थापनको लागि प्रत्येक वडामा कम्तिमा एउटा सामुदायिक भवन निर्माण गर्न विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरुसँग समन्वय गरी कार्यक्रम अगाडि बढाइनेछ।

५. गाउँपालिकाका मुख्य चोक र संवेदनशील क्षेत्रमा सौर्य बत्ती जडान गरिनेछ। भीमदत्त राजमार्ग र डा. के.आई. सिंह राजमार्ग अन्तर्गत पर्ने मुख्य बजार क्षेत्रहरुमा व्यवस्थित शौचालय र खानेपानीको व्यवस्थापन गरिनेछ।

६. पूर्वाधार विकास निर्माणसँग सम्बन्धित र खरिद योजनासँग सम्बन्धित सम्पूर्ण सार्वजनिक खरिद प्रक्रिया विद्युतीय खरीद प्रणाली (E-Bidding) मार्फत खरिद गरिनेछ।

**ख) आर्थिक विकास तथा भूमि व्यवस्था सम्बन्धी नीति**

७. **<u>विकास र समृद्धि, कृषि क्षेत्रमा लगानी बृद्धि</u>** भन्ने मुल नाराका साथ आधुनिक र व्यावसायिक कृषिमा लगानी वृद्धि गर्दै कृषि क्रान्ति मार्फत जनताको आयस्तर वृद्धि गरी विदेशमा रहेका युवाहरुलाई आस र भरोसाका साथ कृषि क्षेत्रमा संलग्न हुने वातावरण मिलाई गरिबी र बेरोजगारीको अन्त्य गर्दै आफ्नै गाउँमा काम गर्ने वातावरण तयार गरिनेछ। आ. व. २०७७।०७८ देखि कृषक सुचीकरण कार्यक्रम लागु भएकोमा आगामी आर्थिक वर्षमा

गन्यापधुरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गणेशपुर, डडेल्धुरा सुदूरपश्चिम प्रदेश,नेपाल

...न्द्र बहादुर कार्की ...क्ष

किसान परिचयपत्र वितरण कार्य सम्पन्न गरिनेछ। आगामी वर्षदेखि गाउँपालिकाभित्रका उत्कृष्ट कृषकहरुलाई सम्मान गर्ने नीति लिईनेछ।

८. सम्भाव्यताका आधारमा बाली र पशुपालन विशेष पकेट क्षेत्र निर्धारण गरी ***एक गाउँ, एक उत्पादन*** कार्यक्रमलाई व्यावसायीकरण गर्दै सामुदायिक तथा निजी वनमा एकवर्षे तथा बहुवर्षे घाँसका बिउ, बेर्ना र डाले घाँस रोपण गरी घाँसमा आधारित पशुपालनमा जोड दिइनेछ।

९. कृषिक्षेत्रमा उत्पादन बढाउन खेती योग्य जमिनको माटो परीक्षणमा सहुलियत दिने, सहकारी मार्फत सबै वडामा मलखाद तथा बिउ सजिलै उपलब्ध गराउने र प्राङ्गारिक मल तयार गर्न प्रविधिको तालिम दिई अर्गानिक खेती उन्मुख गाउँपालिकाको रूपमा विकास गरिनेछ।

१०. पशु स्वास्थ्य सेवामा विस्तार, नश्ल सुधार, पशु आहारमा सुधार र पशु स्वास्थ्य सेवाको लागि पशुपालन क्षेत्रको रूपमा विकास गरी माछा, मासु, दुध, तथा फुलमा आत्मनिर्भर गाउँपालिका बन्न प्रोत्साहन गरिनेछ। निर्वाहमुखी पशुपालन व्यवसायलाई जोवनोपयोगी व्यवसायतिर उन्मुख गर्ने नीति लिइनेछ।

११. कृषिमा आत्मनिर्भर बनाउन मौसमी तथा बेमौसमी तरकारी उत्पादन, नमुना बगैंचा निर्माणमा जोड दिई साना तथा सहकारी सिंचाई र प्लाष्टिक पोखरी निर्माणमा जोड दिईनेछ। यस कार्यका लागि प्लाष्टिक पोखरी तथा टनेलहरु अनुदानमा वितरण गरिनेछ।

१२. गाउँपालिकाभित्रका सम्पूर्ण कृषकहरुको पोषणमा सुधार ल्याउनका लागि एक घर एक करेसाबारी कार्यक्रम लागू गरिनेछ। साथै बेमौषमी कृषि उत्पादन तथा तरकारी खेतीलाई प्राथमिकता दिइनेछ।

१३. उन्नत जातका तथा व्यावसायिक पशुपालनलाई प्रोत्साहन गर्ने नीति लिइनेछ। रैथाने जातका (गड्डी भैंसी र खरी जातका बाख्रा) पशुहरुको संरक्षण र सम्बर्धनका लागि पहल गरिनेछ। प्रत्येक वडामा पशुपंक्षीका लागि खोप तथा पशु स्वास्थ्य शिविर सञ्चालन गरिनेछ। पशु नश्ल सुधार कार्यक्रमका लागि कृत्रिम गर्भाधान कार्यलाई निरन्तरता दिइनेछ।

१४. गाउँपालिकाको भूउपयोग तर्जुमा गरी लागू गरिनेछ। भूमिको वर्गीकरण गरी उपयोगमा आउन बाँकी रहेका जमिन पहिचान गरी भूमिहीनलाई उपयोगका लागि प्राथमिकता दिइनेछ। गाउँपालिका अन्तर्गतका हैसियत बिग्रेका वन क्षेत्र, नदी किनार वा सार्वजनिक क्षेत्र बाँझो राख्ने प्रवृत्तिलाई निरूत्साहित गरी चक्लाबन्दी खेतीमा जोड दिइनेछ। आगामी वर्षभित्र कृषि, आवास लगायतमा जग्गाको वर्गीकरण गर्ने कार्य सम्पन्न गरिनेछ।

१५. आलुका पकेट क्षेत्रहरुका लागि तोकिएका बस्ती बाहेक अन्य बस्तीहरुमा पनि पकेट क्षेत्र विकास गर्न संघीय सरकारको आलु सुपर जोन र भटमास खेतीलाई प्रवर्द्धन गर्न कृषि जोन कार्यालयसँग समन्वय गरी पकेट विकास कार्यक्रम ल्याईनेछ। त्यसै गरी यसै आर्थिक वर्षदेखि मसला बाली अन्तर्गत अदुवा पकेट क्षेत्र निर्माण गरिनेछ।

१६. भुमिहीन सुकुम्वासी, अव्यवस्थित बसोवासी, मोहियानीहरुको लगत संकलन कार्य सकिएकाले आगामी आ. व. मा सुकुम्बासी तथा अव्यवस्थितहरुका बव्यवस्थित बसोबासीको समस्या समाधान गर्न राष्ट्रिय भूमि आयोगसँग सहकार्य गरी यथार्थताका आधारमा जग्गाधनी प्रमाण पुर्जा उपलब्ध गराइनेछ।





गन्यापधुरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गणेशपुर, डडेल्धुरा सुदूरपश्चिम प्रदेश, नेपाल

...बहादुर कार्की

१७. गाउँपालिकाभित्रका स्थानीय बजारहरूको नियमित अनुगमन तथा नियमन गरी बजार व्यवस्थापन गरिनेछ।

१८. बजार क्षेत्रलाई अझै व्यवस्थित गर्न कर शिक्षा, व्यावसायिक शिक्षा तथा औद्योगिक शिक्षाको प्रबन्ध गरिनुका साथै नव उद्यमीहरूलाई प्रवर्द्धन तथा उत्प्रेरित गर्न कर छुट सहितको औद्योगिक ग्राम कार्यान्वनमा ल्याइनेछ।

१९. व्यावसायिक कृषि तथा पशुपालन फर्महरूलाई प्रोत्साहित गर्न उत्पादनमा आधारित अनुदानको व्यवस्था गरिनेछ। यसै वर्षदेखि कृषि तथा पशुपालनका क्षेत्रमा रोजगारीमुखी तथा जनसहभागितामूलक वा समूहगत उत्पादनका लागि जोड दिई अनुदान उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

२०. गाउँपालिकाभित्र बाँझो जग्गा तथा हैसियत बिग्रेको जग्गामा फलफुल खेती गर्ने कृषकहरुलाई क्षेत्रफलको आधारमा प्रोत्साहन गरिनुका साथै बाली बीमा र पशु बीमा सम्बन्धी जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ।

२१. विभिन्न कारणले रोजगार गुमाएका युवाशक्तिले गाउँमा रहेको अवस्थालाई अवसरको रुपमा लिई कृषि कार्यतर्फ उत्प्रेरित गर्न कृषिलाई प्राथमिकतामा राखी बाँझो लगायतको जग्गामा तरकारी, खाद्य, तेलहन, दलहन, फलफुल आदि जहाँ जे उत्पादन हुन्छ, (धान, गहुँ, कोदो, मकै, आलु, भटमास, सिमी, फलफुल आदि) त्यसको उत्पादन बढाउनका लागि **"कृषि उत्पादन बढाऔं, खाद्यान्नमा आत्मनिर्भर बनौं"** कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ।

२२. आगामी वर्ष वडा नं ४ र ५ को क्षेत्रलाई समेटी कृषि कोल्ड स्टोर निर्माण कार्यलाई सम्पन्न गरिनेछ।

२३. कृषि क्षेत्रलाई थप प्रभावकारी बनाउनका लागि साझेदार संस्था UNDP अन्तर्गत रही सिड्स नेपालसँगको सहकार्यमा कृषि तथा पशुपालन क्षेत्रमा थप कार्यहरु गरिनेछ।

२४. गाउँपालिका क्षेत्रभित्र कार्यक्षेत्र भएका सहकारी संस्थाको प्रभावकारी अनुगमन र नियमन गरी सहकारीको सिद्धान्त, मूल्य मान्यता र आदर्श बमोजिम संचालन हुने वातावरण तयार गरिनेछ। सहकारी संस्थाको सुधारको लागि व्यवस्थित अभिलेख प्रणाली लागु गर्ने, सहकारी सम्बन्धी तालिम, छलफल, अन्तरक्रिया कार्यक्रम सञ्चालन गरी सहकारीका गतिविधि चुस्त र दुरुस्त बनाउन पहल गरिनेछ। एउटै समुदायमा समान उद्देश्य लिई स्थापना भएका सहकारी संस्थाहरुलाई एकीकरण (मर्ज) गर्न पहल गरिनेछ। यस क्षेत्रभित्र सञ्चालित सहकारी संस्थाहरुलाई COPOMIS प्रणालीमा आवद्ध हुन आवश्यक पहल गरिनेछ।

## ग) शिक्षा, युवा तथा खेलकुदसम्बन्धी नीति

२५. विद्यालय र गाउँपालिकाको सहकार्यमा शैक्षिक सत्रको आरम्भमा सघन विद्यार्थी भर्ना अभियान सञ्चालन गरी विद्यालय जाने उमेर समूहका सबै बालबालिकाहरुलाई विद्यालय ल्याई अनिवार्य तथा निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ।

गन्यापधुरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गणेशपुर, डडेल्धुरा सुदूरपश्चिम प्रदेश, नेपाल

...न्द्र बहादुर कार्की
...ध्यक्ष

२६. विद्यालय शिक्षा क्षेत्रको समग्र सुधार र विकासका लागि अल्पकालीन एवम् दीर्घकालीन सोचसहितको गाउँपालिकाको शिक्षा नीति, शैक्षिक पार्श्वचित्र तथा गाउँ शिक्षा योजनाको आधारमा योजना तथा कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

२७.सबै विद्यालयहरुमा भौतिक तथा शैक्षिक पूर्वाधारको आवश्यकता र प्राथमिकताका आधारमा व्यवस्था गरी शिक्षण सिकाइ प्रक्रिया र सिकाइ वातावरणमा सुधार गरी गुणस्तर अभिवृद्धि गरिनेछ। गाउँपालिकाभित्र रहेका संस्थागत विद्यालयहरुको नियमन तथा अनुगमनमा निरन्तरता दिइनेछ।

२८. शैक्षिक गुणस्तर अभिवृद्धि गर्न गणेश मा. वि. बडाललाई नमूना विद्यालय तथा प्राविधिक विद्यालयका रुपमा विकास गर्नका लागि आवश्यक प्रक्रिया अगाडि बढाइनेछ।

२९. प्रारम्भिक बालविकास केन्द्र विकास गरी आवश्यक भौतिक तथा शैक्षिक पूर्वाधारको व्यवस्था मिलाइनेछ। प्रारम्भिक बालविकास कार्यक्रममा आवश्यक पर्ने सहजीकरण सीप विकासका लागि उचित तालिमको व्यवस्था गरिनेछ।

३०. निःशुल्क तथा गुणस्तरीय शिक्षाका लागि सामुदायिक विद्यालयहरूलाई सेवा करार र कार्यविधि बमोजिम शिक्षण सुधार अनुदान उपलब्ध गराइनेछ।

३१. शैक्षिक कार्यक्रमहरूमा एकरुपता ल्याउन र गुणस्तर अभिवृद्धि गर्न नियमित प्र.अ. बैठक सञ्चालन तथा शैक्षिक क्यालेण्डर निर्माण गरी कार्यान्वयन गरिनेछ।

३२. गन्यापधुरा गाउँपालिकाको शैक्षिक पार्श्वचित्र समय समयमा अद्यावधिक गरिनुका साथै शैक्षिक बुलेटिन निर्माण गरी विद्यार्थी, शिक्षक, कर्मचारी, संरचना, नीति, रणनीति तथा परिणामको जानकारी पाउने गरी शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई व्यवस्थित गरिनेछ।

३३. सामुदायिक विद्यालयहरुमा शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिइ शिक्षक व्यवस्थापन गरिनेछ। गाउँपालिका अन्तर्गत सामुदायिक विद्यालयहरुमा कार्यरत स्वयंसेवक शिक्षकको कार्यसम्पादनका आधारमा करार सम्झौता गरी व्यवस्थापन गर्ने नीति अवलम्बन गरिनेछ।

३४. प्रारम्भिक बालविकास केन्द्रका सहजकर्ता र विद्यालय कर्मचारीहरुलाई नेपाल सरकारले तोकेबमोजिमको थप पारिश्रमिक उपलब्ध गारइनेछ।

३५. शिक्षकको पेसागत विकासका लागि शिक्षक तालिम एवम् नियमित शिक्षक गोष्ठी सञ्चालन गरिनेछ। शिक्षकहरूलाई शैक्षणिक योजना निर्माण गरी शैक्षिक सामग्री सहित शिक्षण गर्न नियमित सुपरिवेक्षणमार्फत विद्यालयमा नै प्राविधिक सहायता उपलब्ध गराइनेछ।

३६. राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ अनुरुप विकास गरिएको विद्यालय शिक्षाको पाठ्यक्रम कार्यान्वयन गर्नका लागि तालिम तथा प्रबोधीकरणको व्यवस्था मिलाइनेछ।

गन्यापधुरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गणेशपुर, डडेल्धुरा सुदूरपश्चिम प्रदेश,नेपाल

ईन्द्र बहादुर कार्की
अध्यक्ष

३७. राष्ट्रिय पाठ्यक्रम प्रारुपको अधीनमा रही तयार गरिएको स्थानीय पाठ्यक्रमको आधारमा पाठ्यसामग्री विकास गरी पाठ्यक्रम कार्यान्वयन गर्नका लागि विद्यालय र शिक्षकको क्षमता विकास गर्न आवश्यकताअनुसार तालिमको व्यवस्था मिलाइनेछ।

३८. शैक्षिक व्यवस्थापनको क्षमता अभिवृद्धि तथा संस्थागत विकासका लागि प्रधानाध्यापक, शिक्षक, कर्मचारी एवं व्यवस्थापन समितिका पदाधिकारीहरुको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

३९. विद्यालय र शैक्षिक संस्थामा आवद्ध विद्यार्थी, शिक्षक, वि. व्य. स., शिक्षक अभिभावक संघ, कर्मचारी, अभिभावक र जनप्रतिनिधिहरुको लागि तयार गरिएको आचारसंहिता लागू गरिने र सो अनुसार भए नभएको अनुगमन गरिनेछ।

४०. शैक्षिक गुणस्तर मापदण्डका आधारमा उत्कृष्ट विद्यालय, बालविकास केन्द्र, विद्यार्थी, शिक्षक, कर्मचारी, अभिभावक र पदाधिकारीलाई सम्मान गर्ने नीति अवलम्बन गरिनेछ।

४१. सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइ प्रक्रिया अवलम्बन गर्न पूर्वाधार विकास, शिक्षक क्षमता अभिवृद्धि र अनुकूल वातावरण निर्माण गरिनेछ।

४२. आधारभूत शिक्षा परीक्षा (कक्षा ८) को सञ्चालन, व्यवस्थापन र प्रमाणीकरण गर्ने व्यवस्था मिलाइ गुणस्तरमा सुधार गरी यसलाई मानकका रूपमा विकास गरिनेछ।

४३. विद्यालय छोड्ने दरमा कमी ल्याउन तथा स्वस्थ, सक्षम र सफल विद्यार्थी उत्पादन गर्न सामुदायिक विद्यालयहरुमा पोषणयुक्त आहारको व्यवस्था गरी कक्षा ६ सम्म दिवा खाजा कार्यक्रमलाई व्यवस्थित गरी निरन्तरता दिइनेछ। विद्यालयमा छात्राहरुलाई नि:शुल्क स्यानिटरी प्याडको व्यवस्था गरिनेछ।

४४. अपाङ्गता भएका बालबालिकाहरुका लागि अपाङ्गताको प्रकृति र स्तर अनुसार आवश्यक पर्ने सामग्रीहरुको समुचित प्रबन्ध गरिनुका साथै अपाङ्गमैत्री भौतिक पूर्वाधार तथा सिकाइ वातावरणको प्रबन्ध गरिनेछ।

४५. आर्थिक रुपले विपन्न, टुहुरा तथा जेहेन्दार बालबालिका र सामाजिक रुपले पछि परेका समुदाय तथा वर्गलाई प्राथमिकता दिँदै गाउँपालिका अध्यक्ष अभिभावकत्व, छात्रवृत्ति तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।

४६. सामुदायिक सिकाइ केन्द्रमार्फत अनौपचारिक शिक्षा, आजीवन सिकाइ, जीविकोपार्जनका लागि सीप विकास सम्बन्धी तालिम तथा कार्यक्रम सञ्चालन गरी साक्षरता, जीवनपर्यन्त र व्यावसायिक शिक्षामा जोड दिइनेछ।

४७. बालबालिकाको सर्वाङ्गीण विकासका लागि विद्यालयहरूमा नियमित अतिरिक्त क्रियाकलाप र खेलकुद आयोजना गरिने एवम् विद्यालयस्तरीय प्रतियोगिता सञ्चालन गरिनेछ। प्रत्येक विद्यालयहरुमा आवश्यकताअनुरुप खेलकुद सामग्री उपलब्ध गराइनेछ र विद्यालयमा रहेका खेल शिक्षकलाई आवश्यकताअनुसार प्रशिक्षणको व्यवस्था गरि खेलकुदलाई थप व्यवस्थित गरिनेछ।

४८. खेलकुदका पूर्वाधारहरू विकास गर्दै क्रमशः खेलकुदमैत्री गाउँपालिकाको रूपमा विकास गरिनेछ। प्रत्येक वडामा कम्तीमा एउटा खेलकुद मैदान सहित गाउँपालिकामा सबै खेलकुद प्रतियोगिता सञ्चालन गर्न सक्ने एउटा खेलकुद मैदान

गन्यापधुरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गणेशपुर, डडेल्धुरा सुदूरपश्चिम प्रदेश,नेपाल

ईन्द्र बहादुर कार्की
अध्यक्ष

निर्माण गरिनेछ । खेलकुदमा महिला, पुरुषको समतामूलक सहभागिता सुनिश्चित गर्दै किशोरी, बालिका, युवा(महिला) को छुट्टाछुट्टै खेलकुद आयोजना गर्ने नीति लिइनेछ ।

४९. गाउँपालिकाभित्रका क्षेत्रीय र राष्ट्रिय स्तरका राखेपले आयोजना गरेका खेलमा सहभागी हुने खेलाडीहरुलाई प्रोत्साहन गरिनेछ । पालिकाभित्रका प्रतिभावान व्यक्तिहरुलाई उचित प्रोत्साहन र सम्मान गरिनेछ ।

५०. युवा तथा किशोरीमैत्री स्थानीय तह निर्माण गर्न स्थानीय स्तरमा स्वरोजगार र उद्यमशीलताको लागि संघ प्रदेश र निजीक्षेत्रको साझेदारीमा प्रभावकारी कार्यक्रम निर्माण गरिनेछ ।

५१. वैदेशिक रोजगारमा गएका स्थानीय तहभित्रका युवाहरुको अभिलेखीकरण र व्यवस्थित गर्ने कार्य गरिनेछ ।

**(घ) स्वास्थ्य, खानेपानी तथा सरसफाई सम्बन्धी नीति**

५२. गुणस्तरीय स्वास्थ्य सेवामा सवैको सहज पहुच हुनेगरी प्रभावकारी सेवा उपलब्ध गराइनेछ । स्वास्थ्य पुर्वाधार, औषधी तथा उपकरणको उपलब्धतामा वृद्धि गरिनेछ । स्वास्थ्य सेवाका आयामहरु प्रतिकारात्मक सेवा, प्रर्वद्धनात्मक सेवा, उपचारात्मक सेवा, पुनर्स्थापनात्मक सेवाहरु समेटेर स्वास्थ्यका कार्यक्रमहरु बनाइनेछ ।

५३. पुर्णखोप सुनिश्चितता वडा तथा गा.पा.को अवस्थालाई कायम गर्दै हरेक वडाहरुमा खोपको अवस्थाको हरेक वर्ष समिक्षा गरिनेछ । साथै गा.पा. खोप दिवस मनाई पूर्ण खोपको अवस्थालाई हरेकवर्ष सुनिश्चित रहेको घोषणा गरिनेछ । कोल्ड चेन व्यवस्थापनको लागि चाहिने सामग्री तथा स्थानको व्यवस्थापन गरिनेछ । गर्भवती महिलालाई हरेक पटक गर्भ जाँच गर्न स्वास्थ्य संस्थामा जाँदा २ प्याकेट आयोडिनयुक्त नुन वितरण गरिनेछ । हरेक स्वास्थ्य संस्थामा स्वास्थ्य शिक्षा कर्नर राखिनेछ । पोषिला खानेकुराको प्रदर्शन गर्ने र स्थानीय स्तरका पोषिला खानेकुराहरुको उपभोग वृद्धि गराउन आवश्यक शिक्षा, परामर्श दिइने व्यवस्था मिलाइने छ । पाँच वर्ष मुनिका बच्चाहरुको उपचार व्यवस्था कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।

५४. सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा डिपो / पिल्स / कण्डम/ IUCD / इम्पलान्ट हरुको सेवा प्रदान गर्न आवश्यक पहल गरिने छ । आमा सुरक्षा कार्यक्रमलाई थप प्रभावकारी वनाइनेछ ।

५५. पुर्ण गर्भवति जांच एवं पूर्ण संस्थागत सुत्केरी जस्ता अभियानलाई लागू गरिने छ । सुत्केरीसँग उपाध्यक्ष कार्यक्रमलाई निरन्तरता दिइनेछ । "इच्छाइएको गर्भ, सुरक्षित तथा स्वस्थ गर्भ" भन्ने मुल नाराका साथ हरेक गर्भलाई परिवार तथा समाजमा उत्सवको रुपमा स्थापित गराउन सामाजिक तथा घुम्ती अल्ट्रासाउन्ड शिबिर संचालन तथा परिचालन गरिनेछ । आकस्मिक प्रसुति सेवालाई थप प्रभावकारी बनाउनका लागि बर्थिङ सेन्टरलाई थप व्यवस्थित बनाइनेछ ।

५६. गरिब, विपन्न, असहाय, टुहुरा बालबालिका तथा गर्भवती महिलालाई निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ ।

५७. समयानुकुल आइपर्ने रोगहरुको रोकथाम गर्न तथा सामना गर्न आवश्यक तयारी गरिनेछ । नसर्ने रोगको रोकथामको लागि पेन प्याकेजलाई थप व्यवस्थित गरिनेछ । नसर्ने रोगका लागि निदानात्मक सेवा र उपचारात्मक सेवालाई

गन्यापधुरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गणेशपुर, डडेल्धुरा सुदूरपश्चिम प्रदेश, नेपाल

बहादुर कार्की

विस्तार गरिनेछ। महामारीको पूर्व तयारी तथा व्यवस्थापनको लागि आर. आर. टि. लाई तयारी अवस्थामा राखिने छ साथै उक्त कार्यका लागि औषधि, खोप तथा स्वास्थ्य सम्वन्धि सामाग्रीहरु तयारी हालतमा राखिने छ।

५८. क्षयरोग मुक्त गाउँपालिका बनाउन आवश्यक कार्यक्रम संचालन गरिनेछ। क्षयरोगका बिरामिलाई पोषण भत्ताको ब्यवस्थापन गरिनेछ। क्षयरोगको नयाँ रोगी पत्ता लगाउनको लागि समय समयमा जोखिम स्थानहरु पहिचान गरी परिक्षण शिविर संचालन गरिनेछ। डट्स विधिवाट उपचारात्मक पद्दतिलाई थप प्रभावकारी बनाउने छ। यसमा स्वास्थ्य कर्मीको निगरानीलाई बढाइनेछ। जटिल प्रकारका क्षयरोगहरु (DR/SDR) लाई समयमै पहिचान तथा व्यवस्थापनको लागि पहल गरिने छ। क्षयरोग तथा नसर्ने रोगहरुको समयमै पहिचानको लागि ल्याव सेवाको स्थापना तथा विस्तार गरिने छ।

५९. म.स्वा.स्वं.से. हरुलाई स्वास्थ्यका सम्पूर्ण कार्यक्रमहरुमा समुदाय स्तरमा जनचेतना फैलाउने कार्यमा थप उत्प्रेरित गरिने छ। वञ्चितिकरणमा परेका समुदाय तथा सेवाग्राहीहरुको पहिचान गर्ने, सेवा निरन्तता गराउने, स्वास्थ्य आमा समुहलाई थप सुढृढीकरण गराउन म.स्वा.स्वं.से. हरुलाई थप उत्प्रेरित गरिनेछ। सेवाग्राहीको खोजी गर्ने तथा सेवाग्राहीको निरन्तरताको लागि संचार गर्नको निम्ति विशेषत मातृ तथा वालस्वास्थ्य समन्वयका लागी मोबाईल स्वास्थ्य कार्यक्रम संचालन गरिने छ। ६० वर्ष पुरा भएका तथा अन्य कारणले सेवा प्रदान गर्न कठिन भएका म.स्वा.स्वं.से. हरुलाई स-सम्मान विदाइ कार्यक्रम राखिने छ। वर्थिङ सेन्टरहरुमा प्लासेन्टा पिट तथा फोहोर व्यवस्थापन गर्न खाडलहरुको निर्माण अनिवार्य गरिने छ। स्वस्थ घर, स्वस्थ गाँउ तथा स्वस्थ नगर जस्ता अभियानहरु संचालन गरिनेछ।

६०. स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाई प्रभावकारी वनाउन स्वास्थ्य संस्थाहरुबाट गरिने मासिक प्रतिवेदन पद्दति तथा समीक्षा बैठकलाई निरन्तरता दिइने छ। स्वास्थ्य संस्थाहरुको तथा स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि वा तालिम गर्नका लागि स्वास्थ्य संस्था मै कोचिङको लागि सम्वन्धित निकायहरुसंग समन्वय गरिने छ। रेकडिङ रिपोर्टिङ कार्यमा संलग्न स्वास्थ्यकर्मीलाई DHIS2 को तालिमको लागि प्रवन्ध मिलाइने छ।

६१. सामाजिक सुरक्षा कार्यक्रमका लागि राष्ट्रिय स्वास्थ्य विमा कार्यक्रमलाई प्रसार प्रसार गरी थप प्रभावकारी बनाइने छ। विमितहरुको संख्या वृद्दि गर्ने खालका समुदायस्तरमा क्रियाकलापहरु (घरदैलो कार्यक्रम, विमा दर्ता शिविरहरु) संचालन गरिनेछ। विमितहरुको नियमित नवीकरणको लागि प्रोत्साहित गरिने छ।

६२. स्वास्थ्य शिक्षामा समयानुकुल प्रभाव पार्ने रोगहरुको रोकथाम तथा व्यवस्थापनको लागि F.M. रेडियो पत्र पत्रिकाहरुमा सन्देश प्रवाहित गरिनेछ। किशोर किशोरीहरुसंग स्वास्थ्यकर्मीहरुको अन्तरक्रिया तथा सचेतना कार्यक्रमलाई नियमित गरिनेछ।

६३. निःशुल्क औषधि वितरण कार्यक्रमलाई प्रभावकारी बनाउनका लागि औषधि, खोप तथा स्वास्थ्य सम्वन्धी सामग्रीहरुको भण्डारणको लागि उपयुक्त भण्डारण कक्षको व्यवस्था गरिनेछ।

गन्यापधुरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गणेशपुर, डडेल्धुरा सुदूरपश्चिम प्रदेश,नेपाल

ईन्द्र बहादुर कार्की
अध्यक्ष

६४. राष्ट्रिय यौन तथा एडस नियन्त्रण कार्यक्रमलाई प्रभावकारी बनाउनका लागि प्रारम्भिक जाँचमा शंकास्पद देखिएका बिरामीहरूलाई सुनिश्चित गरिने जाँचको सेवा पाईने स्थान सम्म जानको लागी यातायातको व्यस्थापनका पहल गरिने छ। एच.आई.भि. प्रभावित बच्चाहरूको पोषण तथा शिक्षा कार्यक्रमलाई निरन्तरता दिईनेछ।

६५. विद्यमान आर्थिक, सामाजिक तथा लैङ्गिक असमानतावाट जनसंख्याको वृद्धि, संरचना, वितरण तथा वसाइसराई जस्ता जनसंख्या सम्बन्धी परिसूचकहरुको प्रभावलाई मध्यनजर गरी नीति तय गरिनेछ। विद्यालयस्तरमा किशोर किशोरी साथी शिक्षा तथा यौन शिक्षा कार्यक्रम तथा सचेतना कार्यक्रम लागु गरिनेछ।

६६. आयुर्वेद सेवालाई थप व्यवस्थित गर्दै लगिनेछ।

६७. स्वच्छ खानेपानीको पहुँचका लागि खानेपानीको अभाव भएका गाउँहरुको पहिचान गरी त्यस्तागार क्षेत्रहरुमा खानेपानी पुर्‍याउन आवश्यक पहल गरिनेछ। स्वच्छ खानेपानी वितरणका लागि हाल सञ्चालनमा रहेका, निमार्ण सम्पन्न भएका र निर्माणाधिन खानेपानी योजनाहरू एकीकृत गरी वितरण र व्यवस्थापन गरिनेछ। सम्पन्न भइसकेका खानेपानी योजनाहरुको विवरण MIS मा प्रविष्टि गरिनेछ। त्यसैगरी सार्वजनिक स्थानहरुमा खानेपानीका धाराहरु जडान गरिनेछ। आगामी वर्षदेखि खानेपानीको दिगो व्यवस्थापनका गर्नका लागि **एक घर एक धारा** कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६८. खानेपानीका मुहानहरुको संरक्षण गर्न मुहानमा वृक्षारोपण गर्ने, वातावरणीय ह्रास हुन नदिने, पानीको मुहानहरुको संरक्षणबारे जनचेतना अभिवृद्धि गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ। त्यसै मुहान संरक्षण कार्यलाई व्यवस्थित गर्न मुहान दर्ता तथा संरक्षण कार्यलाई प्रोत्साहन गरिनेछ। पानीको संरक्षणका लागि Water Recharge पोखरी बनाउने कार्यलाई प्रोत्साहन गरिनेछ।

६९. दिगो विकास लक्ष्य अनुरुप गाउँपालिकाको WASH Plan तयार गरी कार्यान्वयन गरिनेछ भने विद्यालय तथा स्वास्थ्य संस्थाहरुमा पनि WASH कार्यक्रम लागू गरिनेछ। खानेपानी सुरक्षा योजना टोली गठन गर्ने, खानेपानीको गुणस्तर जाँच गरी सुरक्षित खानेपानीयुक्त समुदाय घोषणा गर्दै जाने तथा गाउँपालिकालाई पूर्ण रुपमा सुरक्षित खानेपानीयुक्त पालिका घोषणा गरिनेछ।

**ङ) सुशासन र व्यवस्थापन सम्बन्धी नीति**

७०. आगामी वर्ष गाउँपालिकाका सम्पूर्ण योजनाहरुलाई एकै ठाउँमा समावेश गर्नका लागि आयोजना बैङ्क निर्माण कार्यलाई प्राथमिकता दिइनेछ। आयोजना बैंकमा समावेश भएका आयोजनाबाट मात्र आयोजना सञ्चालन गरिनेछ।

७१. गाउँपालिकाको शासन प्रणाली अनुरुपको सोच र कार्यशैलीको विकास गरी शासकीय स्वच्छता र सुशासन प्रवर्द्धनलाई प्राथमिकतामा राखी सवै क्षेत्रमा सदाचार पद्दति अवलम्वन गरिनेछ।



गन्यापधुरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गणेशपुर, डडेल्धुरा सुदूरपश्चिम प्रदेश,नेपाल

...बहादुर कार्की

७२. सुशासन प्रवर्द्धनका लागि आवश्यकतामा आधारित जनप्रतिनिधि र कर्मचारीहरूलाई नीति निर्माण तथा कार्यालय व्यवस्थापन लगायतका विषयमा क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ । साथै नवनिर्वाचित जनप्रतिनिधिहरुको क्षमता विकासका लागि विभिन्न क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ ।

७३. नागरिकमैत्री सेवा प्रवाहको सुनिश्चितता, सुशासनको प्रत्याभूति एवम् तत्स्थान प्राविधिक सहजीकरणका लागि गाउँपालिका मातहतका निकाय र योजनाहरूको परिणाम तथा सूचकहरूमा आधारित निरन्तर अनुगमन तथा सुपरिवेक्षण गरी सोही प्रतिवेदनका आधारमा कमीकमजोरीहरू अविलम्ब सुधार गरिनेछ ।

७४. गाउँपालिकाबाट कार्यान्वयन हुने योजना कार्यक्रमहरुमा वित्तीय जोखिम न्यूनीकरणका लागि निर्माण तथा खरिद प्रक्रियालाई बढी प्रतिस्पर्धात्मक बनाउन विगतदेखि प्रयोगमा ल्याइएको विद्युतीय बोलपत्र कबोल E-Bidding प्रणालीलाई निरन्तरता दिइनेछ ।

७५. लागत न्यूनीकरण, श्रोत साधनको अधिकतम उपयोग तथा प्रभावकारी सेवा प्रवाहका लागि आवश्यकता अनुसार अन्य स्थानीय तहहरूसँग साझेदारी, सम्झौता तथा संयुक्त व्यवस्थापनमा विकास निर्माणका कार्यहरूको थालनी गरिनेछ ।

७६. सबै पसलहरूमा मूल्य सूची अनिवार्य राख्न लगाउने तथा अधिकार सम्पन्न वडास्तरीय बजार अनुगमन समिति निर्माण गरी वडाभित्रका सम्पूर्ण क्रियाकलाप तथा बजार अनुगमनलाई निरन्तरता दिइने छ । त्यसैगरी गाउँपालिकाबाट समय समयमा बजार अनुगमन गर्ने कार्य गरिनेछ ।

७७. जनगुनासो तथा सार्वजनिक सुनवाई र सामाजिक परीक्षण गर्दै भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरिने छ । गाउँपालिकाका काम कारवाहीलाई पारदर्शी बनाउनका लागि आगामी वर्षदेखि प्रत्येक वडामा तथा गाउँपालिकामा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरिनेछ ।

७८. यस गन्यापधुरा गाउँपालिकाभित्र काम गर्ने कर्मचारीहरुको मनोबल उच्च राख्नका लागि बाहिरबाट आउने कर्मचारीहरुलाई आवासको व्यवस्थाका साथै उत्कृष्ट कर्मचारीहरुलाई प्रोत्साहन गर्ने कार्यक्रम ल्याइनेछ । आगामी वर्षहरुदेखि यस पालिकामा काम गर्ने कर्मचारीहरुको मनोबल उच्च राख्न उत्कृष्ट काम गर्ने कर्मचारीलाई नगद पुरुस्कारसहित सम्मान गर्ने नीति लिइनेछ ।

**च) सुचना प्रविधि सम्बन्धी नीति**

७९. गाउँपालिका, वडा कार्यालयहरु, सामुदायिक विद्यालयहरुमा क्रमशः ई हाजिर जडान गरी त्यसको प्रभावकारी अनुगमन गरी समयमा कार्यालयमा हाजिर नहुने, कार्यालय छोड्ने प्रवृत्तिको अन्त्य गरी जनतालाई समयमा सेवा सुविधा उपलब्ध गराउने वातावरण सिर्जना गरिनेछ । गाउँपालिकाको कामकारवाहीलाई नियमित रुपमा गाउँपालिकाको वेभसाईटमा अपडेट गर्ने व्यवस्था मिलाइनेछ ।

८०. यस गाउँपालिका मातहतका सबै निकायहरूमा इन्टरनेटको पहुँच सुनिश्चित गर्दै प्रविधिमैत्री विद्युतीय शासन (ICT Friendly E-Governance) र न्यून कागजी कार्यालय (Less Paper Office) का रूपमा विकास गरिनेछ ।

आ.व. २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम



...बहादुर कार्की

गन्यापधुरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गणेशपुर, डडेल्धुरा सुदूरपश्चिम प्रदेश, नेपाल

८१. सेवाग्राही, कर्मचारी र नागरिकको गुनासो सुनुवाईलाई प्राथमिकता दिंदै फोन, इमेल, म्यासेज, मौखिक वा लिखित पत्र र निवेदन आदिबाट प्राप्त गुनासोहरू यथाशीघ्र व्यवस्थापन गरिनेछ। गुनासो व्यवस्थापन कार्यलाई अझ प्रभावकारी रुपमा लगी एकीकृत रुपमा गुनासो व्यवस्थापन कार्य गरिनेछ।

८२. गाउँपालिका अन्तर्गतका सरकारी कार्यालयले प्रवाह गर्ने सेवाहरुलाई जनतासम्म पुऱ्याउन सुचना प्रविधिको अधिकतम प्रयोग गरिनेछ। आगामी वर्षदेखि राजश्व संकलन कार्य अनलाईन प्रणालीमार्फत गरिनेछ।

८३. गाउँपालिकाको website लाई अध्यावधिक गरी महत्वपूर्ण जानकारी र सुचनालाई वेवसाईटमा राख्ने कार्यलाई प्रभावकारी बनाईनेछ।

८४. गाउँपालिकाबाट प्रदान गरिने सवै प्रकारका सेवा सुविधालाई क्रमशः सफ्टवेयर प्रणाली तथा विद्युतीय माध्यमबाट संचालन गर्दै लगिनेछ।

८५. गाउँपालिका अन्तर्गत विद्यालयलाई प्रविधिमैत्री बनाउन आगामी वर्षमा नमूना माध्यमिक विद्यालयको वेवसाईट, आवश्यक सफ्टवेयर र मोवाइल एप निर्माण गरी विद्यार्थीहरुको पठन पाठन प्रक्रिया सहज बनाईनेछ।

८६. ILG-Profile निर्माण गरी प्रत्येक वर्षेनी अध्यावधिक गर्ने व्यवस्था मिलाईनेछ।

८७. आधारभूत शिक्षा परिक्षाको नतिजा प्रणाली SMS बाट प्राप्त गर्ने प्रक्रिया अपनाइनेछ।

**छ) सामाजिक विकास तथा समावेशीकरण सम्बन्धी नीति**

८८. सामाजिक न्याय र सामाजिक आर्थिक रूपान्तरणमा योगदान गर्न सक्ने गरी टोल विकास समितिहरूको गठन गरी क्षमता अभिवृद्धि गरिनेछ। यस कार्यका लागि टोल विकास संस्था गठन तथा परिचालन कार्यविधि अनुरुप कार्य गरिनेछ।

८९. यस गाउँपालिकाको दूरदृष्टि बमोजिम वृहत्तर विकासका विभिन्न पक्षमा सहयोग गर्न इच्छुक राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई कार्यक्रममा दोहोरोपना नपर्ने गरी लगानी गर्न समन्वय र सहकार्य गर्ने नीति लिइनेछ।

९०. आर्थिक सामाजिक रूपमा पछाडि परेका महिला, बालबालिका तथा अपाङ्गता भएका व्यक्तिहरूको बहुआयामिक सशक्तिकरण गर्ने कार्यमा जोड दिइनेछ।

९१. लैङ्गिक हिंसा, बालविवाह, बहुविवाह, बालदुर्व्यवहार, छाउपडी जस्ता सामाजिक कुप्रथाहरू प्राथमिकतासाथ रोकथाम तथा नियन्त्रण गर्ने कार्यमा थप जोड दिइनेछ। यसका लागि सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

९२. ज्येष्ठ नागरिकहरूप्रति सम्मान तथा आदर अभिवृद्धि गर्दै अन्तरपुस्ता सीप हस्तान्तरण गर्न प्रोत्साहित गरिनेछ। त्यसै गरी रोजगार गुमाएका युवाहरुलाई स्वदेशमै रोजगारको सिर्जना गर्नका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत रोजगारको सूचीमा प्रवृष्टि गरी उनीहरुलाई कामका लागि प्राथमिकता दिइनेछ।

९३. स्थानीय भाषा र संस्कृतिको उत्थानका लागि अनुसन्धानमा आधारित दीर्घकालिन योजना तर्जुमा गरिनेछ।

९४. मातृशिशु स्वास्थ्य सुधार, नियमित गर्भ जाँच र स्वास्थ्य संस्थामा सुत्केरी हुन वा संस्थागत सुत्केरीलाई प्रोत्साहित गरिनेछ।



गन्यापधुरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गणेशपुर, डडेल्धुरा सुदूरपश्चिम प्रदेश,नेपाल

... बहादुर कार्की

९५. बालममैत्री पूर्वाधारहरूको विकास गर्दै बालमैत्री स्थानीय शासनको अवधारणा अनुरुप स्थानीय तह तथा सरोकारवाला सबैको समन्वयमा असहाय बालबालिकाको संरक्षण गर्दै बालश्रममुक्त गन्यापधुरा गाउँपालिका बनाइनेछ।

९६. लैङ्गिक विभेद, जातीय आधारमा हुने छुवाछुत, समान कामको लागि ज्यालामा हुने विभेदलाई निर्मूल गर्दै विभेदमुक्त गन्यापधुरा गाउँपालिका बनाइनेछ। अपाङ्गमैत्री संरचना विकासलाई अनिवार्य शर्तको रूपमा अङ्गीकार गर्दै अपाङ्गता परिचयपत्र वितरण कार्यलाई निरन्तरता दिइनेछ।

९७. आगामी वर्षदेखि ज्येष्ठ नागरिकहरुलाई परिचयपत्र वितरण तथा सम्मान गर्ने नीति लिइनेछ।

९८. योजना छनोट, विकास निर्माण, उपभोक्ता समिति गठन लगायतका सार्वजनिक स्थान र कार्यमा लाभग्राही सबै समुदाय र महिलाको अर्थपूर्ण सहभागिता गराइनेछ।

९९. गरीब, पिछडिएका वर्ग, द्वन्द्व पीडित, तेस्रो लिङ्गी, एच.आइ.भी. पीडित, सुकुम्बासी, हलिया, अनाथ बालबालिका लगायत आदिवासी, जनजाति, दलित र अपाङ्गता भएका सबै समुदायको प्रतिनिधित्वको सुनिश्चितता गर्दै लक्षित वर्गका लागि सामाजिक तथा आर्थिक उन्नतिका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१००. यस गाउँपालिकाभित्र बसोबास गर्ने सबै समुदायले परम्परागत रूपमा मनाउँदै आएका चौलो, हुडूकेली नाच, गौरा, होली आदि चाडपर्व, धर्म संस्कृति एवम् मठ मन्दिर, सत्सङ्ग भवन आदि धार्मिक तथा ऐतिहासिक स्थलहरूको संरक्षण र सम्बर्धन गरिनेछ। पालिकाभित्र रहेका सम्पूर्ण देव देवालयहरुको लगत संकलन गरी तिनीहरुको संरक्षण, सम्वर्धन र प्रवर्धनमा महत्त्वपूर्ण योगदान दिनेलाई प्रोत्साहन गरिनेछ।

१०१. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सदृढीकरण गर्न सबै किसिमको भत्ताहरू बैंङ्कमार्फत मात्र वितरण गर्ने र यसका लागि सूचना व्यवस्थापन प्रणाली अवलम्बन गरिनेछ।

१०२. यस क्षेत्रमा रहेका अति विपन्न, असहाय, टुहुरा बालबालिका, अपाङ्गता भएका व्यक्तिहरुलाई सहयोग गर्नका लागि जनप्रतिनिधि राहत कोष स्थापना गरिनेछ।

**ज) सामाजिक न्याय सम्बन्धी नीति**

१०३. नागरिकको न्यायमा सहज पहुँच बनाउने आधार मेलमिलापकर्ता भएकाले नियमानुसार उनीहरूको सीप तथा सक्रियता अभिवृद्धि गरिनेछ। सामाजिक न्याय स्थापनका लागि समाजका हरेक क्षेत्रमा रहेका वर्ग तथा व्यक्तिको प्रतिनिधित्व हुने गरी कार्य अगाडि बढाइनेछ।

१०४. न्यायिक समिति, मेलमिलाप केन्द्र तथा बुहसरोकारवाला द्वन्द्व रुपान्तरणका क्षेत्रमा कार्यरत व्यक्ति संघ संस्थालाई समेत सहभागिता गराई बहुसरोकारका क्षेत्रका विवाद, तथा सार्वजनिक चासोका सवालका विवादहरु समाधान गर्ने कार्य थप प्रभावकारी बनाइनेछ।



गन्यापधुरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गणेशपुर, डडेल्धुरा सुदूरपश्चिम प्रदेश, नेपाल

...न्द्र बहादुर कार्की

१०५. महिला हिंसा, सामाजिक विभेद र कुरीतिलाई न्यूनीकरण गर्न संगठित समूहहरू (आमा समूह, महिला सहकारी समूह, महिला कृषि समूह आदि) लाई सामाजिक न्याय, प्रतिनिधित्व र पहुँच विषयमा अभिमुखीकरण गरिनेछ। यस पालिकाभित्र रहेका हरेक समूह तथा संस्थाहरुलाई अनिवार्य रुपमा दर्ता गरी अभिलेखीकरण गरिनेछ।

१०६. विद्यालयमा अध्ययन गर्ने किशोर किशोरीहरू विभिन्न अनैतिक कार्य र कुलतमा लाग्ने सम्भावना न्यूनीकरण गर्न विद्यालय स्तरमा सामाजिक तथा नैतिक शिक्षा सञ्चालन गरिनेछ।

१०७. यस गाउँपालिका र अन्य स्थानीय तहबीच न्याय सम्पादन, कार्यान्वयन, अनुभव र सिकाइ आदान प्रदान गरी न्यायिक प्रणाली प्रभावकारी बनाईनेछ। न्याय सम्पादन कार्यलाई अझ व्यवस्थित बनाउनका लागि आवश्यक कानूनहरुको निर्माण गरिनेछ।

१०८. लागूपदार्थ दुर्व्यसनी लैङ्गिक हिंसा, जाती, भाषा, धर्म, लिङ्गका आधारमा हुने सबै प्रकारका हिंसा र विभेदको विरुद्ध सचेतना अभियान सञ्चालन गरिनेछ।

१०९. गन्यापधुरा गाउँपालिकामा विद्यमान सामाजिक भेदभाव, लैङ्गिक हिंसा र कुरीतिको स्थलगत अध्ययन गरी प्राप्त सुझावका आधारमा समाधान गरिनेछ। लैङ्गिक हिंसामा परेका व्यक्तिहरुको उद्धारका लागि लैङ्गिक हिंसा कोष खडा गरी कोष मार्फत हिंसामा परेका व्यक्तिहरुको उद्धार गरिनेछ।

## झ) वन, वातावरण, भू-संरक्षण तथा विपद् व्यवस्थापन सम्बन्धी नीति

११०. गाउँपालिकाभित्र रहेका सबै सार्वजनिक जग्गाको लगत सङ्कलन गरी सूचीकृत र संरक्षण गरिनेछ।

१११. विपद् व्यवस्थापन सम्बन्धी कार्यलाई प्रभावकारी गर्नका लागि आगामी आ. व. मा गन्यापधुरा गाउँपालिकाको विपद् प्रतिकार्य योजना तयार गर्नका लागि आवश्यक पहल गरिनेछ।

११२. प्राकृतिक स्रोत साधनको सदुपयोग गर्दै विकास निर्माणका काम अघि बढाइने र बस्ती जोखिम नपर्ने गरी IEE र EIA गरेर मात्र प्राकृतिक स्रोत साधनको उपयोग गरिनेछ।

११३. वन वातावरण तथा भू-संरक्षण सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ। प्राकृतिक स्रोतको संरक्षण, व्यवस्थापन तथा सदुपयोगमा स्थानीय समुदायको सहभागिता अभिवृद्धि गर्दै वन पैदावार लगायतका प्राकृतिक स्रोतहरूलाई राजश्वको मुख्य स्रोतको रुपमा लिइनेछ।

११४. सङ्कटापन्न अवस्थाका जडीबुटी तथा वन, वनस्पतीहरूको संरक्षण, जैविक विविधताका हिसाबले महत्त्वपूर्ण क्षेत्र (Biodiversity Hot Spot) को पहिचान तथा संरक्षण र जैविक विविधता अभिलेखीकरण गरिनेछ।

११५. अमूल्य जडिवुटीको खानी, प्राकृतिक श्रोतले भरिपूर्ण र लोपोन्मुख वन्यजन्तुहरुको वासस्थान तथा खानेपानीको मुल श्रोतको रुपमा रहेको महाभारत वन क्षेत्रलाई संरक्षण गर्न राष्ट्रिय निकुञ्ज वा संरक्षित क्षेत्र स्थापनाको लागि आवश्यक पहल गरिनेछ।

११६. जलवायु परिवर्तनको नकारात्मक असरलाई न्यूनीकरण गर्न वार्षिक योजना तर्जुमा गर्दा सरोकारवालाहरुको संलग्नतामा विकास योजनालाई वातावरणमैत्री बनाउँदै लगिनेछ। वन क्षेत्रको व्यवस्थापन तथा विस्तार गरी



गन्यापधुरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गणेशपुर, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

...बहादुर कार्की

आगामी तीन वर्षभित्र गाउँपालिकालाई घरभित्रको धुवाँरहित गाउँपालिकाको रूपमा विकास गर्ने अभियानलाई विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरूको सहयोगमा थप कार्यक्रमहरू सञ्चालन गरिनेछ।

११७. भू-क्षय तथा प्राकृतिक प्रकोपको दृष्टिकोणबाट संवेदनशील मानिएका क्षेत्रमा प्रकोपको जोखिम व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

११८. कटानको जोखिम रहेका नदीहरूमा जैविक तथा जालीदार तटबन्धका लागि गुरुयोजना बनाई नदी किनारमा वृक्षरोपण गरी कटान नियन्त्रण गरिनेछ। त्यसै गरी सडक निर्माण गरिएका हरेक सडक छेउछाउ गरी वृक्षरोपण गर्ने कार्यलाई थप व्यवस्थित बनाइनेछ।

११९. जैविक वन घेरवारबाट वन फडानी, भू-क्षय तथा आगलागी नियन्त्रण, चोरी निकासी नियन्त्रण, छाडा चौपाया नियन्त्रण र खाली जमिनमा वृक्षरोपण गरिनेछ।

१२०. स्थानीय सरकार र सामुदायिक वनहरुका बीचमा समन्वय सहकार्य गर्दै अगाडि बढ्ने नीति लिइनेछ।

१२१. सबै वडाहरुमा विपद् सुरक्षा युवा दस्ता गठन तथा विपद् प्रतिकार्य तालिम सञ्चालन गरी विपद् जोखिम न्यूनीकरण गर्न पहल गरिनेछ। स्थानीय स्तरका संघ संस्थाहरु रेडक्रस, बालक्लब, युवा क्लबलाई विपद् कार्यका लागि प्रोत्साहन गरिनेछ।

१२२. प्राकृतिक श्रोत र सम्पदाको समुचित सदुपयोग गर्दै दिनानुदिन मासिदै गएको वन क्षेत्रको दिगो विकास तथा संरक्षण गरी स्वच्छ हावा, स्वस्थ व्यक्ति र सभ्य समाज निर्माण अभियानमा जोड दिइनेछ।

१२३. वन तथा वातावरण संरक्षणका लागि गोबर ग्याँस तथा सौर्य उर्जा जस्ता वैकल्पिक उर्जा कार्यक्रमलाई प्रोत्साहन गरिनेछ।

१२४. प्राकृतिक प्रकोप तथा विपदमा परेकालाई ***तत्स्थान सहयोग*** (support on the spot) को कार्यक्रमलाई निरन्तरता दिइनेछ। यस कार्यको लागि गाउँपालिकामा मापदण्ड बमोजिमको कम्तीमा **एउटा हेलिप्याड** निर्माण गरिनेछ।

१२५. प्राकृतिक विपत्ति लगायत आकस्मिक कार्यको लागि गन्यापधुरा गाउँपालिकामा प्रकोप व्यवस्थापन कोषका अतिरिक्त गाउँपालिकामा **विपद् व्यवस्थापन कोष** सञ्चालन गरिनेछ। उक्त कोषमा जम्मा रकम विपद् व्यवस्थापन तथा न्यूनीकरण लगायत प्रकोप न्यूनीकरण कार्यमा खर्च गरिनेछ। यस कोषको परिचालनका लागि कोष परिचालन कार्यविधि निर्माण गरिनेछ।

१२६. बाढी पहिरो र विपदबाट क्षति भएको घरहरुको पुनः निर्माणका लागि राष्ट्रिय विपद् प्राधिकरणसँगको सहकार्यमा जोखिममा रहेका घरहरुलाई विस्थापित गरी सुरक्षित स्थानमा आवास निर्माणका लागि हल गरिनेछ। त्यसै गरी बाढी तथा पहिरोको जोखिममा रहेका दलित बस्तीहरुलाई सुरक्षित स्थानमा बस्ती/घर स्थानान्तरण गर्न पहल गरिनेछ।

गन्यापधुरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गणेशपुर, डडेल्धुरा सुदुरपश्चिम प्रदेश, नेपाल

## ञ) धर्म, संस्कृति तथा पर्यटन विकाससम्बन्धी नीति

१२७. यस क्षेत्र भित्रको प्राकृतिक रमणियताको भरपुर उपयोग गरी आन्तरिक तथा बाह्य पर्यटकहरुलाई आकर्षण गर्ने नीति अवलम्बन गरिनेछ।

१२८. यस क्षेत्रका जनताका आस्थाका केन्द्रविन्दुका रुपमा रहेका धार्मिक क्षेत्रहरुको विकास एवम् संरक्षणमा निरन्तरता दिईनेछ। स्थानीय परम्परा, चाडवाड, जातपर्वहरुलाई प्रचार प्रसार गरी सुरक्षित, सभ्य र व्यवस्थित बनाई थप प्रवर्धन गरिनेछ। हरेक धार्मिक क्षेत्रमा श्रद्धालु भक्तजनहरुलाई आवतजावतमा सहज होस भन्नका लागि पदमार्ग निर्माण गरिनेछ। त्यसै गरी वैकल्पिक उर्जाका माध्यमद्वारा हरेक मठ मन्दिरमा उज्यालो कार्यक्रम ल्याइनेछ।

१२९. गाउँपालिकाभित्र वातावरण एवम् पर्यटकमैत्री नमुना बस्ती विकास गर्दै घरबास (Home-Stay) वा पाहुना घर निर्माण गरी आन्तरिक र बाह्य पर्यटक आकर्षित गर्न प्रोत्साहन गरिनेछ।

१३०. गन्यापताललाई धार्मिक पर्यटनका रुपमा विकास गरिनेछ। कपरसात हुँदै शिखर सम्मको पदमार्ग, लिङहाल्ने हुँदै शिखर सम्मको पदमार्ग र घण्टेश्वर हुँदै गन्याप तालसम्मको पदमार्ग निर्माण गरिनेछ। यस क्षेत्रमा जानका पदमार्ग निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

१३१. गाउँपालिकाभित्र पर्यटकीय गतिविधि बढाउन सार्वजनिक निजी साझेदारीमा वातावरणमा प्रतिकुल असर नपर्ने गरी प्राकृतिक सौन्दर्यता र स्वच्छता कायम राख्दै पर्यटकीय क्षेत्रहरूमा होटल, लज, रिसोर्ट आदि खोल्न र नियमानुसार सञ्चालन गर्न प्रोत्साहित गरिनेछ।

## ट) विद्युत/उर्जा सम्बन्धी नीति

१३२. विद्युत लाईन विस्तार नभएका सबै बस्ती तथा टोलहरूमा विद्युतीकरणको व्यवस्था गरिनेछ। आगामी वर्षभित्र सबै वडालाई राष्ट्रिय प्रशारण लाइनमा जोडी **उज्यालो गन्यापधुरा** कार्यक्रमलाई सार्थकता दिइनेछ।

१३३. नवीकरणीय उर्जाको प्रयोग तथा खपत गर्न प्रोत्साहन गरिनेछ। नवीकरणीय उर्जालाई प्रवर्द्धन गर्नका लागि यस क्षेत्रमा नवीकरणीय उर्जाको क्षेत्रको अध्ययन गरिनेछ।

१३४. नवीकरणीय उर्जा प्रवर्द्धनका लागि गन्यापधुरा गाउँपालिकामा पनि विद्युतीय चुलो कार्यक्रमलाई प्रोत्साहन गरिनेछ। यसका लागि नवीकरणीय उर्जा प्रवर्द्धन केन्द्र तथा वैकल्पिक उर्जा विकास केन्द्रसँग आवश्यक सहकार्य तथा समन्वय गरिनेछ।

## ठ) राजस्व तथा आर्थिक नीति

१३५. गाउँपालिकाको स्वामित्व र क्षेत्राधिकारका करका क्षेत्रहरूमा करको दायरा बढाउने र कर छलीको प्रवृत्तिलाई निरुत्साहित गरिनेछ। यसका लागि आगामी आर्थिक वर्षमा राजश्व सुधार योजना तयार गरिनेछ। राजश्वमा एकरुपता कायम गर्न विद्युतीय माध्यमद्वारा राजश्व संकलन गर्नका लागि सफ्टवेयरमा आधारित राजश्व संकलन प्रणाली लागू गरिनेछ।





गन्यापधुरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गणेशपुर, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश,नेपाल

बहादुर कार्की

१३६. बेरोजगारी न्यूनीकरण गर्न सामुहिक व्यावसायिक खेती वा पशुपन्छी पालन गर्ने कृषक समूहलाई व्यावसायिक कर छुट दिई कृषिजन्य उत्पादन वृद्धि गर्न प्रोत्साहन गरिनेछ। कृषिकार्यलाई अझ प्रोत्साहन गर्नका लागि सिफारिसमा ५० प्रतिशत छुट प्रदान गरिनेछ।

१३७. हाल सञ्चालनमा रहेका उद्योग व्यावसायलाई करको दायरामा ल्याउन र व्यवसाय दर्ता गर्न प्रोत्साहित गर्दै व्यवसाय दर्ता कार्य सम्बन्धित व्यवसायीको व्यापार रहेको स्थानमा गएर व्यवसाय दर्ता गर्न कार्य गरिनेछ।

१३८. स्थानीय कच्चा पदार्थमा आधारित **लघु तथा घरेलु उद्यमहरुको प्रवर्द्धन** गर्न सीपमूलक तालिमको व्यवस्था गरी उत्पादित वस्तुहरुको बजारीकरणको सुनिश्चितता प्रदान गर्न सहयोग पुग्ने गरी कार्यक्रम तथा बजेट व्यवस्था गरिनेछ। लघु उद्यम विकास MEDPA कार्यक्रम अन्तर्गत **एक घर एक उद्यमी** कार्यक्रमलाई साकार पार्न थप अन्य वडाहरुमा पनि सीप विकास कार्यक्रम सञ्चालन गरिनेछ।

१३९. युवा स्वरोजगार, उद्यमशिलता तथा कृषि क्षेत्रमा युवाहरुलाई आकर्षण गर्नका लागि युवाको लगानी सुनिश्चित गर्ने कार्यक्रम ल्याइनेछ।

१४०. कर शिक्षा कार्यक्रम लागु गरी **हामीले तिरको कर हाम्रै लागि** भन्ने अवधारणा अनुरुप कर तिर्नलाई प्रोत्साहन गरिनेछ। वार्षिक रुपमा उत्कृष्ट करदाताको पहिचान गरी सबैभन्दा उत्कृष्ट करदातालाई पुरस्कृत गरिनेछ।

**आदरणीय अध्यक्ष ज्यु,**

**गाउँसभाका सदस्यज्युहरु,**

गन्यापधुरा गाउँपालिकाको राजनीतिक, सामाजिक तथा आर्थिक उपलब्धिहरुलाई संरक्षण गर्दै गन्यापधुराको गौरव, सम्मान, स्वाभिमान र हित प्रवर्द्धन गर्ने, कोरोना महामारीको रोकथाम, नियन्त्रण तथा उपचार गर्ने र महामारीबाट प्रभावित सामाजिक तथा आर्थिक क्षेत्रहरुलाई पुर्नजीवन दिई विकास निर्माणलाई तीव्रता दिने अठोटका साथ आर्थिक वर्ष २०७९।०८० को नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु।

प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट उच्चदरको आर्थिक वृद्धि गर्दै आर्थिक तथा सामाजिक क्षेत्र थप गतिशिल हुने र पारस्परिक सम्मान र अवसरसहित सामाजिक न्याय कायम हुनेछ। यसले समृद्ध गन्यापधुराको आकांक्षा पुरा गर्न योगदान गर्नेछ।

अन्त्यमा, प्रस्तुत नीति तथा कार्यक्रमको कार्यान्वयनमा सदाझै यस गाउँपालिकालाई सबैबाट सक्रिय सहयोग प्राप्त हुने विश्वास लिएको छु। आर्थिक वर्ष २०७९।०८०को नीति तथा कार्यक्रम तर्जुमा गर्ने चरणमा सुझाव दिई सहयोग गर्ने हुने सम्पूर्ण जनप्रतिनिधिज्युहरु, राजनीतिक दल, शिक्षक वर्ग, कर्मचारी वर्ग, बुद्धिजिवी, समाजसेवी, नागरिक समाज, नीजि क्षेत्र, सरकारी तथा गैरसरकारी संघ संस्था, पत्रकार तथा आम गन्यापधुरावासी दाजुभाई दिदी बहिनीहरुलाई हार्दिक आभार प्रकट गर्दछु। धन्यवाद !!!

ईन्द्र बहादुर कार्की

गन्यापधुरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गणेशपुर, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल